# सन् २०१२ को विषय घोषणा

## घरमा शान्ती देखी बिश्वमा शान्ती सम्मः

## सैनिकबादलाई चुनौती दिदै महिला बिरुद्ध हुने हिंसाको अव हामी अन्त्य गरौ

**घरमा शान्ती देखी बिश्वमा शान्ती सम्मः महिला बिरुद्ध हुने हिंसाको अव हामी अन्त्य गरौ र सैनिकबादलाई चुनौती दिऔं** भन्ने विश्वव्यापी बिषय (Theme) साथ २०१२ को १६ दिने अभियान निरन्तर अधि बढ्ने छ । यस बर्षको अभियान लैङ्गिक हिंसा र सैनिकबाद बीचको बिरोधाभास सम्बन्ध बारेमा हाम्रो यो वकालत तेस्रो बर्षमा प्रबेश गरेको छ । सहभागी संगठनहरु र व्यक्तिहरुबाट प्राप्त पृष्टपोषणका (Feedback) आधारमा महिलाहरुको लागि विश्वव्यापी नेतृत्व केन्द्र, (Centre for Women's Global Leadership) यस अभियानको विश्व स्तरीय संयोजकको रुपमा सैनिक बादलाई चुनौती दिने र गहिरा आर्थिक र सामाजिक संरचनाहरुको, जसले लैङ्गिक हिंसालाई लामो समयदेखी निरन्तरता दिई राखेका छन, खोजतलास र अन्बषेण गर्ने उद्देश्यले सहभागीहरुसंग निकटमा रहेर, निरन्तर कार्य गरिरहने छ ।

**सैनिकबाद महिला बिरुद्ध हुने हिंसाको एक प्रमुख श्रोत रहेको छ ।** सैनिकबाद एक विचारधारा हो जसले त्रास सृजना गर्दछ र यसले विवादको समाधानको लागी हिंसाको प्रयोग र आक्रमणलाई पश्रय दिन्छ र आर्थिक र सामाजिक स्वार्थको लागि सैनिक हस्तक्षेपलाई समर्थन गर्दछ । **सैनिक बादको गहिरो प्रभाव रहेको छ जसको संस्थागत, सास्कृतिक र मनोबैज्ञानिक असरहरु हाम्रो समाजमा व्यापक रुपमा सवैलाई पार्दछ ।** सैनिकबादले हिंसामा आधारित पुरुषत्वलाई विशेष पश्रय दिन्छ र यस्तो मान्यता राख्दछकी हिंसा समस्या साधान गर्ने एक प्रभावकारी उपाय हो । **सैनिकबादले हाम्रो समग्रसमाज जसमा महिला, बालवालिका र लोग्ने मान्छे सहित सवैको सुरक्षामा प्राय जसो चिन्ताजनक स्थिति ल्याउँदछ ।** सैनिक बादले द्वन्दको समयमा यौनजन्य हिंसादेखि बालबालिकाहरुमा खेलौना बन्दुकको (Toy Gun) प्रयोग बढाउनुको साथै हामीले महिला, पुरुष, परिवार, छिमेकीहरुलाई हेर्ने तरिका र हाम्रो सार्वजनिक जीवनलाई हामीले हेर्ने तरिका र निश्चित देशहरु प्रति हाम्रो दृष्टिकोण समेतमा सैनिकबादले प्रभाव पार्दछ [1] ।

सन् २०११ मा, पाँचवटा प्राथमिकता क्षेत्रहरु जुन विश्वव्यापी बिज्ञ समूहबाट पहिचान गरिएको थियो र यी क्षेत्रहरु विश्वव्यापी बिषय (Theme) बाट सृजना भएका हुन् । यी पाँच प्राथमिकताका क्षेत्रहरु यस प्रकार छन्: (क) महिलाको बिरुद्ध हुने राजनैतिक हिंसा, (ख) साना हतियारहरुको प्रचुर उपयोग र घरायसी हिंसामा यिनीहरुको प्रयोग, (ग) द्वन्द र यस पछिको समयमा हुने यौनजन्य हिंसा, (घ) राज्यका निकायहरुबाट हुने यौन जन्य र लैङ्गिक हिंसा, (ङ) सैनिकबाद र महिला विरुद्ध हुने हिंसाको कडिलाई (Link) चुनौती दिनको लागि महिला, शान्ती र मानवअधिकार सम्बन्धी आन्दोलनहरुको भूमिका ।

सन् २०११ को अभियानका सहभागीहरुबाट प्राप्त पृष्टपोषणको आधारमा बनेको यस बर्षको १६ दिने अभियानले[2] खासगरी माथि उल्लेख गरिएका मध्ये निम्न अनुसारका तीनवटा प्राथमिकताका क्षेत्रहरुलाई जोड दिने छः

**१. राज्यका निकायहरुबाट हुने हिंसाः** सरकार र राज्यका निकायहरुले राजनैतिक उद्देश्य हासिल गर्न हिंसाको प्रयोग गर्दछन् । सैनिकबादका बिचारधाराहरुलाई प्रयोग गरेर राज्य सुरक्षाको लागि आबश्यक भन्ने बाहनामा धम्कीलाई सुरक्षाका उपायहरुको रुपमा लागु गरिन्छ । सैनिकबादको हिंसाको संस्कृति भित्र बसेर अधिकार प्राप्त ओहोदामा रहेका व्यक्तिहरुले के ठान्दछन् भने उनीहरुले कुनै पनि सजाय भागी नभइकन अपराध गर्न सक्दछन् जुन कुरा सैनिककेन्द्र भित्र हुने यौन जन्य अपराधहरु; हिंसाबाट र आक्रमणबाट पीडित भई आफ्ना उजुरी दर्ता गर्न आउने महिलाहरुलाई पुलिसबाट हुने धम्मी; महिलाहरुलाई सताउने र हैरानी दिने जस्ता हाल भई रहेका व्यवहारहरु; महिला पर्दशनकारीहरु माथि अधिकारीहरुबाट हुने करकापबाट गरिने "कुमारीत्वको परीक्षण"; र सैनिक अखडाहरुको नजिक बस्ने महिलाहरु विरुद्ध हुने हिंसा जस्ता उदाहरणहरुबाट यो तथ्य प्रष्ट भएको छ । यस्ता राज्यका निकायहरुबाट महिलाहरुका अतिरिक्त महिलाहरुको मानव अधिकारको रक्षा गर्ने अधिकारकर्मीहरु समेत लक्षित गरिएको छ जसले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरु र नागरिक अधिकार र राजनैतिक अधिकार सम्बन्धी कार्य गर्दछन् । **यस्तो राज्यको जवाफदेहीता अभाव र यौनजन्य र लैङ्गिक हिंसाका अपराधीहरुलाई कानूनको दायरामा ल्याउन नसक्नु सैनिकबादको अन्त्य गर्ने दिशामा ज्यादै गम्भीर चुनौतीको रुपमा रहेको छ ।**

**२. घरेलु हिंसा र साना हतियारहरुको भूमिकाः** यो एक बास्तविकता हो कि घरेलु हिंसा अहिलेसम्म पनि संसारको हरेक कुनामा घटिरहेको छ, जुन लामो समयदेखीको समस्या हो जसको विरुद्ध महिलासँग सम्बन्धित संगठनहरुले आवाज उठाइरहेका छन् । यो अनुमान गरिएको छ की बहुसंख्यक महिलाहरुले आफुसँग सहवास गर्ने पुरुषबाट हुने घरेलु हिंसाबाट जीवनको कुनै न कुनै समयमा पीडित भएका छन्[3] । यस्तो हिंसा अझबढी खतरनाक हुन्छ जव साना हात हतियार (बन्दुक र धारिलो हतियार) घरमा राखिएको हुन्छ किनकी यस्ता हतियारहरुले महिला तथा बालबालीकाहरुलाई शारिरीक हानी नोक्सानी र चोट पुर्‍याउँदछ र/अथवा तिनीहरुलाई हत्या गर्न समेत प्रयोग हुन सक्छ । **साना हतियारहरुले महिला बिरुद्ध हुने हिंसालाई सहयोग मात्रै पुर्‍याउने हैनकी यिनीहरुले हिंसात्मक रुपको पुरुषत्वलाई निरन्तरता समेत दिन्छन् ।** चाहे द्वन्दको समय होस वा शान्तीको अवस्था होस यदि घरमा बन्दुक छ भने यस्को परिणाम त्यही हुन्छः **धेरै**

**बन्दुक हुनु भनेको महिलाहरुलाई बढी खतरा हुनु हो ।** तसर्थ यो बर्ष हामीहरुले साना हतियारहरुको व्यापार, यिनीहरुको बढ्दो प्रयोग र महिला बिरुद्ध हुने हिंसाको निरन्तरतामा यस्ता हतियारहरुले खेलेको भूमिका जस्ता विषयहरुमा हामीहरु होसियार पूर्वक सुक्ष्म जाँच गर्ने छौं । कानूनी सुधार र सेवाहरुमा ठूलो प्रगति भएतापनि धेरै महिला संगठनहरुले यो अत्यन्त जरुरी विषयमा आफ्नो कार्य निरन्तर रुपमा जारी राख्ने छन् ।

**३. द्वन्द काल र यस पछि हुने यौनजन्य हिंसाः** लैङ्गिक श्रेष्ठता कायम राख्न र राजनैतिक ओहोदामा रहिरहनको लागि बल पुऱ्याउन द्वन्द काल र यस पछिको समयमा हुने यौनजन्य हिंसा प्रयोग गरिएको हुन्छ । महिलाहरुमा, उनीहरुको परिवारमा र समुदायमा डर सृजना गर्न, अपमानित गर्न र सजायँ दिन यसलाइ एक चालको (tactic) रुपमा प्रयोग गरिएको हुन्छ । हालका केही बर्षमा यो अपराध बारे चासो बढेतापनि **महिलाको सुरक्षा र पुर्नस्थापना कार्यमा यौनजन्य हिंसा प्रमुख बाधकको रुपमा रहिरहेको छ** र यसले महिलाहरुलाई शारिरीक, मनोबैज्ञानिक र सामाजिकरुपमा दुर्बल वनाएको छ । शशस्त्र द्वन्दले समाजमा अस्थिरता र असुरक्षा ल्याउनुको साथै महिला विरुद्ध हुने हिंसालाई झन तिव्र बनाएको छ र यस हिंसालाई झन उग्र, व्यापक र घातक बनाउँदछ । जब सैनिकीकरण बाताबरण रही रहन्छ भने "त्यस्तो" द्वन्दको अन्त्य पछि पनि यौन जन्य हिंसा घर र समाजमा भई रहने सम्भावना हुन्छ । **धेरै महिला संगठनहरुले के कुरालाई जोड दिएका छन् भने द्वन्दकाल र द्वन्दपछिको समय बीच कृत्रिम फरक शव्दमा देखिएतापनि द्वन्दको औपचारिक अन्त्य पछि पनि सैनिक हिंसा भइरहेको हुन्छ ।**

यस बर्षको १६ दिने अभियानले सरकारलाई उनीहरुको कार्य प्रति जिम्मेबार बनाउन र सरकारी संरचनाहरु जसले लैङ्गिक आधारित हिंसालाई निरन्तरता दिएका छन तिनीहरुलाई चुनौती दिन हामीहरुले महिला अधिकार कर्मीको हैसियतले के गर्न सक्छौं भन्ने बिषयमा सोच्ने र विचार गर्ने एक मौका प्रदान गर्ने छ । सँधै झैं, यस केन्द्रले कार्यकर्ताहरुलाई यस १६ दिने अभियानलाई सदुपयोग गरी यस्ता विषयहरुमा ध्यान दिन प्रोत्साहन गर्ने छ जुन स्थानीय स्तरमा सवभन्दा बढी सान्दर्भिक छन् । यस अभियानमा सहभागी हुँदा हामीहरुलाई लैङ्गिक आधारित हिंसाको विरुद्धमा समर्थन जुटाउन अवसर प्रदान गर्ने मात्र हैनकी यसले हाम्रो आवाज अन्य देश र क्षेत्रहरुका महिलाहरु जसले चुप लागेर बस्न मानदैनन् उनीहरुको आबाजमा हाम्रो आवाजले थप उर्जा दिनेछ । लैङ्गिक आधारित हिंसा यस्तो विषय हो जसले हामी सवैलाई धेरै क्षेत्रमा प्रभाव पार्दछ । यस सन्दर्भमा हाम्रा सरकारहरुलाई यस समस्या प्रति जवाफ दिने, पीडिहरुलाई संरक्षण गर्ने र यसको निराकरण गर्ने जिम्मेबारी छ ।

## १६ दिने अभियानको बारेमा

लैङ्गिक हिंसा विरुद्धको १६ दिने क्रियाशिलता लैङ्गिक हिंसाको अन्त्य गर्नको लागि समर्पित एक विश्वव्यापी अभियान हो । महिलाहरुको लागि विश्वव्यापी नेतृत्व केन्द्र विश्व स्तरको संयोजक हो । यो अभियानको शुभारम्भ हुने दिन नोभेम्वर महिनाको २५ तारिख जुन दिनलाई लैङ्गिक हिंसा अन्त्य गर्न मनाइने अन्तराष्ट्रिय दिवस पनि हो र यस अभियानको समापन हुने दिन डिसेम्बर १० तारिख हो जुन दिनलाई मानव अधिकार दिवसको रुपमा मनाइन्छ । यी दिनहरु किन छानिएको हो भने लैङ्गिक हिंसा भनेको मानव अधिकारको उल्लंघन हो । यो अभियान सफल हुनाको कारण के हो भने संसार भरका दशौं लाख महिलाहरु र हजारौंको संख्यामा संगठनहरु यस कार्यमा क्रियाशिल रहेका छन् र उनीहरु लैङ्गिक हिंसा अन्त्य गर्नको लागि बचनबद्ध छन्[4] ।

## २०१२ मा कार्य अगाडि बढाऔं सामाग्रीहरु ( 2012 Take Action Kit)

महिलाहरुको लागि विश्वव्यापी नेतृत्व केन्द्रले २०१२ मा कार्य अघि बढाऔ सामाग्रीहरुको विकास गरिरहेको छ जसमा आबश्यक साधनहरु समावेश गरिएका छन् जसले तपाईहरुलाई १६ दिने अभियानका क्रियाकलापहरु व्यवस्थित गर्न सहयोग गर्ने छ । सामाग्रीहरु भएको बिशेष झोला बहु भाषाहरुमा अगस्त महिनादेखि उपलब्ध हुने छ । सहभागीहरुले हाम्रो वेबसाइट (http:16dasyscwgl.rutgers.edu) मा गई कार्य अगाडि बढाऔं २०१२ सामाग्रीहरु डाउन लोड गर्न सक्नु हुने छ वा छापिएका सामाग्रीहरु आाबश्यक भएमा अनुरोध गर्न सक्नु हुने छ । तपाईहरुले गर्नु भएको कार्यलाई हाम्रो इन्टरनेट ठेगानामा रहेको अभियान पात्रो (Compaign Calendar) मा राखी दिन नभुल्नु होला ! धन्यबाद !

### कसरी इन्टरनेटसँग सम्पर्क राख्ने र अझ बढी सिक्ने

- १६ दिने अभियानको आधिकारीक वेबसाइटः http://16dayscwgl.rutgers.edu
- भएका कार्यहरुलाई इन्टरनेटमा राखिएको अभियान पात्रो (Campaign Calender) मा कसरी समावेश गर्ने र कसरी खोजी गर्नेः http://16dayscwgl.rutgers.edu/campaign-calendar

- १६ दिने listserve को सदस्य बन्नको लागिः http://email..rutgers.edu/mailman/listinfo/16days_discussion
- Facebook:http://www.facebook.com/16DaysCompaign
- Flicker: http:www.flickr.com/photos/16dayscompaign
- Twitter: https://twitter.com#!/CWGLRutgers
- 16 Days Twitter hashtag:#16days
- YouTube: http://www.youtube.com/user/CWGLRugters
- हामीहरुलाई कुनै पनि समयमा इमेल गर्नः 16days@cwgl.rutgers.edu

---

[1] महिलाहरुको लागि विश्वव्यापी नेतृत्व केन्द. २०११. "Intersections of Violence Against Women and Militarism Meeting Report." http://www.cwgl.rutgers.edu/resources/publicatios/gender-based-violence/388-intersections-of-violence-against-women-and-militarism-meeting-report-2011.

[2] महिलाहरुको लागि विश्वव्यापी नेतृत्व केन्द.२०१२ "16 Days of Activism Agaisnt Gender Violence:Analytical Summary." http://16dayscwgl.rutgers.edu/previous-years/2011/16days-analytical-summary-2011.

[3] World Health Organization. 2005. "WHO Multi-Country Study on Women's Health and Domestic Violence against Women: Initial Results on Prevalence, Health Outocmes and Women's Responses." http://www.who.int/gender/violence/who_multicountry_study.

[4] महिलाहरुको लागि विश्वव्यापी नेतृत्व केन्द. २०१२. "16 Days Activism Against Gender Violence: Analytical Summary." http://16dayscwgl.rutgers.edu/previous-years/2011/16-days-analytical-summary-2011.